


कामपाले करिब १५ करोड रुपियाँ लागतमा रानीपोखरी पुनर्निर्माण गर्ने तयारी गरेको छ।

# नेपाल

## उपप्रमुख खड्गीलाई घाँस उपहार

काठमाडौं, (नेस)

स्थानीय सम्पदाप्रेमीले काठमाडौं महानगरपालिका उपप्रमुख हरिप्रभा खड्गीलाई घाँस उपहार दिएका छन्। महानगरको स्वामित्वमा रहेको रानीपोखरी घाँस र फोहोरले भरिँदासम्म बेवास्ता गरेको आरोप लगाउँदै स्थानीय अभियन्ताले उपप्रमुख खड्गीलाई घाँस उपहार दिएका हुन्।

काठमाडौं उपत्यकाका नेवार समुदायको चाड सिठी नखः को अवसर पारेर मंगलबार बिहान रानीपोखरीको सफाइ गरेका थिए। सिठी नखःको दिन पोखरी, इनार सफा गर्ने चलन छ। अभियन्ता, स्थानीय र प्रहरीले समेत रानीपोखरी सफा गरेलगत्तै महानगरपालिका मुख्यालयको उपमेयरको कार्यकक्षमा पुगेर घाँस उपहार दिएका थिए। घाँस ग्रहण गर्दै उपमेयर खड्गीले यथासक्य चाँडो रानीपोखरीको पुनर्निर्माण शुरू गर्ने जानकारी गराउनुभयो। कामपाले यो महिनाभित्रै रानीपोखरीको ड्रइङ, डिजाइन तयार गरी टेन्डर निकाल्ने अन्तिम तयारी गरेको छ।

कामपाले करिब १५ करोड रुपियाँ लागतमा रानीपोखरी पुनर्निर्माण गर्ने तयारी गरेको छ। मन्दिरको बीचमा रहेको बालगोपालेश्वर मन्दिर पुरातत्व विभागले पुनर्निर्माण जारी राखेको छ। सो मन्दिर यही असार महिनाभित्रै पुनर्निर्माण सम्पन्न हुने विभागले जनाएको छ। अभियन्ताले कामपा, महानगरीय प्रहरी परिसर काठमाडौं र पुरातत्व विभागलाई १२ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन्।

## सरगमाथा आरोहण गर्ने महिला पत्रकार सम्मानित



ललितपुर, (नेस)

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने महिला पत्रकारलाई ललितपुरमा सम्मान गरिएको छ। नेवाः प्रेस दबू र नेपाल मण्डल साहित्य प्रतिष्ठानले संयुक्तरुपमा आयोजित एक समारोहका बीच महिला पत्रकार कल्पना महर्जन, रोजिता बुद्धाचार्य, पूर्णिमा श्रेष्ठ, रोसा बस्नेत, देवराली चाम्लिङलाई प्रेस दबूका अध्यक्ष नरेन्द्र श्रेष्ठले दोसल्ला ओढाई समाजसेवी मोतिलाल शिल्पकार सम्मानपत्र प्रदान गर्नुभयो। समारोहमा समाजसेवी शिल्पकार महिलाले सगरमाथा चढेर आफ्नो समुदायसहित सम्पूर्ण महिलाको हौसला र मनोबल बढाएको अनुभूत भएको बताउनुभयो।

## सरोकारवालाले भने- सिकाइ सुधार्ने अभियान खै

काठमाडौं, (नेस)

विद्यालयस्तरको खस्कँदो सिकाइ उपलब्धिप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। उनीहरूले सिकाइ सुधारका लागि विशेष अभियान सञ्चालन गर्नसमेत सरकारसँग आग्रह गरेका हुन्।

शिक्षा पत्रकार समूहले राजधानीमा आयोजना गरेको 'विद्यार्थीको कमजोर सिकाइस्तर कसरी सुधार्ने?' विषय अन्तर्क्रियामा बोल्दै सरोकारवालाले अब सरकारको ध्यान विशेष भर्ना अभियानबाट विद्यालय भित्र्याइएका बालबालिकालाई गुणस्तरीय शिक्षण सिकाइ हुनुपर्नेमा जोड दिए। शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले कमजोर सिकाइस्तरको दोष एकअर्कालाई लगाउन छाडेर संयुक्तरुपमा सिकाइ सुधारको पहल हुनुपर्ने बताउनुभयो। शिक्षाविद् गंगाराम गौतमले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मकै सिकाइ उपलब्धि चिन्ताजनक देखिएको भन्दै त्यसको पहिलो जिम्मेवारी पढाउने शिक्षकले नै लिनुपर्ने बताउनुभयो।

सूर्यविनायक नगरपालिका भक्तपुरकी उपमेयर जुना बस्नेतले शिक्षकलाई जिम्मेवार नबनाई सिकाइ सुधार नहुने भन्दै शिक्षकलाई त्यसका लागि प्रोत्साहित गर्नुपर्ने बताउनुभयो। शिक्षकले नचाहेसम्म सरकारले जेसुकै गरेपनि सिकाइ सुधार गर्न नसक्ने उहाँको भनाइ थियो। पूर्वशिक्षामन्त्री एवं नेकपाका शिक्षा विभाग प्रमुख गंगालाल तुलाधरले कमजोर सिकाइ सुधारका सम्बन्धमा एकअर्कालाई दोष लगाउनुभन्दा सबै आत्मआलोचित हुँदै आ-आफ्नो दायित्व पूरा गर्नेतर्फ जुट्नुपर्ने बताउनुभयो। विश्वनिकेतन मावि काठमाडौंका प्रअ हेरम्बराज कंडेलले सरकारले शिक्षामा पर्याप्त लगानी नगरेको र तल्लो तहभन्दा माथिल्लो तहमा बढी ध्यान दिएकाले सिकाइमा समस्या आएको बताउनुभयो।

तहसील फाँट -१ विगो नं. १५८१(५२०)

**काठमाडौ जिल्ला अदालतबाट जारी भएको का.जि.थानकोट गा.वि.स वडा नं. ८ को हाल ऐ चन्द्रागिरी न.पा. वडा नं. ८ स्थित क्वालीटि मिट प्रोडक्स प्रा.ली. ....१ समेत जना २(दुई) का नाउँको ३५ (पैतिस) दिने म्याद सुचना ..........**

उप्रान्त वादी का.जि.का.म.न.पा. वडा नं. १ बस्ने जेनिस श्रेष्ठ र प्रतिवादी तपाई नारायण वहादुर कार्की समेत भएको चेक अनादर मुद्दामा यस अदालतबाट मिति २०७३/८/१९ गते भएको फैसला अनुसार बादीले तपाईबाट भराई पाउने ठहरेको साँवा रु ३८,९०,०००/- तथा सो को चेक काटिएको मिति २०७०/४/१८ गते देखि विगो भरी भराउ सम्मको कानून बमोजिम हुने ब्याज समेत भराई पाउँ भनी वादीले दिएको दरखास्तमा भएको आदेशानुसार तपाईको नाउँमा जारी भएको म्याद वेपते तामेल भई आएको हुँदा यस अदालतबाट मिति २०७५/२/११ गते भएका आदेशानुसार यो म्याद सूचना प्रकाशित गरिएको छ। अतः यो म्याद सूचना प्रकाशित भएको मितिले वाटाका म्याद वाहेक ३५(पैतिस) दिन भित्र वादीले भराई पाउने ठहरेको माथि उल्लेखित साँवा तथा कानून बमोजिमको ब्याज समेतको बिगो रकम यस अदालतमा नगदै दाखिला गर्न ल्याउनु होला नल्याई म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन। ईति संम्वत २०७५ साल जेष्ठ २४ गते रोज ५ शुभम् ..........

# उच्चस्तरीय शिक्षा आयोग गठन

**नेपाल समाचारपत्र**

काठमाडौं

शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा २१ सदस्यीय उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भएको छ।

सोमबार मन्त्रिपरिषद्को बैठकले २१ सदस्यीय आयोग गठन गरेको हो। गत भदौ १९ गते गठन भएको ६५ सदस्यीय जम्बो टोलीलाई हटाएर मन्त्री पोखरेलले २१ सदस्यीय आयोग गठन गर्नुभएको हो।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले आयोग गठन भएको निर्णय गरेको हो। यसअघिको आयोगमा प्याब्सन, एन प्याब्सन, हिसान, दुईवटा अभिभावक संघ, प्याब्सनका पूर्वअध्यक्षलगायत शिक्षा क्षेत्रमा संलग्न संस्थाका प्रतिनिधिको संलग्नता रहेको थियो। यसअघिका उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले आयोग गठन गर्नुभएको थियो। सोमबार गठन गरिएको आयोगको सदस्यमा पूर्वशिक्षामन्त्री गंगालाल तुलाधर र धनिराम पौडेल, शिक्षाविद् विद्यानाथ कोइराला, शुसन आचार्य, टंकनाथ शर्मा, मीनबहादुर विष्ट, विमल फुँयाल, बाबुराम अधिकारी, नन्दकुमार थापा र श्याम श्रेष्ठ रहेका छन्। त्यस्तै मनिष पोखरेल, सुजनबाबु मरहठ्ठा, चक्रमान विक, कृष्ण पौडेल, राम स्वगारत राय, शिक्षा सचिव खगराज बराल र राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने उषा झा रहनुभएको छ। आयोगको सदस्य सचिवमा मन्त्रालयका सहसचिव रहने जनाएको छ।

आयोगलाई ४ महिनाभित्र प्रतिवेदन बुझाउने म्याद तोकिएको छ। अघिल्लो आयोगमा ३ महिनाभित्र प्रतिवेदन बुझाउने गरी शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाको संयोजकत्वमा १५ सदस्यीय विज्ञ समूह गठन गरिएको थियो। १५ मध्ये २ जनाले राजिनामा दिएका कारण १३ सदस्यीय टोलीले संघीय स्वरुपअनुसार शिक्षा क्षेत्रको समग्र विषय समेटिने गरी प्रतिवेदन बुझाएको थियो।

संयोजक प्राडा कोइरालाको समूहले तयार गरेको प्रतिवेदन शिक्षामन्त्री गिरिराजमणि पोखरेलसमक्ष बुझाइएको थियो। मन्त्री पोखरलले आफ्नो कार्यायोजना सार्वजनिक गर्दा आयोग पुनर्गठन गर्ने जनाउनुभएको थियो। उता अभिभावक संघका पूर्वअध्यक्ष शुप्रभात भण्डारीले आयोगमा अभिभावक संघलाई समावेश नगरेकामा आपत्ति जनाउनुभएको छ। हिसानका पूर्वअध्यक्ष एवं सांसद उमेश श्रेष्ठले मन्त्री पोखरेलले एकलौटीरुपमा आफू निकटलाई मात्रै समावेश गरेकामा आपत्ति जनाउनुभएको छ। 'आयोग भनेको त स्वतन्त्र हुनुपर्छ, निजी शिक्षालयले गरेको योगदानलाई बिर्सनु हुँदैन' -उहाँको भनाइ थियो।

## प्रधानमन्त्री चीन जाँदा तीन जनालाई कार्यवाहकको जिम्मेवारी

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले आफू छिमेकी मीत्रराष्ट्र चीनको औपचारिक भ्रमणमा प्रस्थान गर्नुअघि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेललाई दिनुभएको छ। प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ओलीले पार्टीको कार्यवाहक अध्यक्षको जिम्मेवारी वरिष्ठ नेता माधवकुमार नेपाललाई दिनुभएको छ।

पार्टीका अर्को अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि विदेशमा रहनुभएकाले नेता नेपाललाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइएको बताइएको हो। त्यसै गरी संसदीय दलका कार्यवाहक नेतामा उपनेता सुवासचन्द्र नेम्वाङलाई जिम्मेवारी दिनुभएको नेकपाका केन्द्रीय सदस्य विष्णु रिजालले जानकारी दिनुभयो।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**स्वप्न बगैंचा विकास समिति**
केशरमहल, काठमाडौं

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस विकास समितिको लागि दुई ठाउँमा १२/१२ घण्टाको सिफ्टमा सुरक्षा गार्ड (जम्मा ५ जना) उपलब्ध गराउन चाहने इच्छुक फर्म वा कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फारम मिति २०७५/०३/०६ गते देखि मिति २०७५/०३/२० गतेसम्म कार्यालय समय भित्रमा रु. ५००/- फिर्ता नहुने गरी विकास समितिको कार्यालयबाट खरिद गरी मिति २०७५/०३/२१ गते दिनको १२ बजेभित्र समितिको कार्यालयमा बुझाउन सकिनेछ। निर्धारित समयमा दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७५/०३/२१ गते दिनको १ बजे समितिको कार्यालयमा दरभाउपत्र पेश गर्ने फर्मका प्रतिनिधि समेतको उपस्थितिमा खोलिनेछ। सम्बन्धित फर्मका प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
२. सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्ष अनुभव भएको फर्म/कम्पनीबाट मात्र सिलबन्दी दरभाउपत्र फारम खरिद गरी बुझाउन सकिनेछ।
३. सिलबन्दी दरभाउपत्र फारम पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले फर्म दर्ता, मूल्य अभिवृद्धि कर (भ्याट), आयकर दर्ता प्रमाणपत्र, आ.व. २०७३।०७४ सम्मको आयकर चुक्ताको प्रमाणपत्र समेत सिलबन्दी दरभाउपत्र फारम साथ संलग्न राख्नु पर्नेछ। सिलबन्दी दरभाउपत्रमा मूल्य अभिवृद्धि कर समावेश भएको हुनु पर्दछ।
४. इच्छुक फर्म/कम्पनीले सिलबन्दी दरभाउपत्रकासाथ प्रति महीनाको दरभाउ उल्लेख गर्नु पर्नेछ।
५. सिलबन्दी दरभाउपत्रकासाथमा कम्पनीको प्रोफाइल पनि पेश गर्नु पर्नेछ।
६. करारको अवधि १ वर्षको हुनेछ।
७. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ३ महीनाको हुनेछ।
८. इच्छुक फर्म वा कम्पनीले प्रस्तावित मूल्यको २.५ (अढाइ) प्रतिशत बराबरको नगद जमानत वा बैंक ग्यारेण्टी (बिड वण्ड) सिलबन्दी दरभाउपत्रसाथ संलग्न गरी स्वप्न बगैंचा विकास समितिको नाममा पेश गर्नुपर्नेछ। बिड वण्डको मान्य अवधि ३ महीना भएको हुनु पर्नेछ।
९. रीत नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।
१०. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार स्वप्न बगैंचा विकास समितिमा निहित रहनेछ।
११. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ।
१२. थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र स्वप्न बगैंचा विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७५/०७६ को लागि आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७५।०३।०६ गते)

यस कार्यालयबाट निर्मित हेटौडा १० स्थित वासूदेवमार्ग ,वसपार्क र ४० कोठे भवनमा रहेको सार्वजनिक शौचालयहरुवाट उल्लेखित दररेटमा सफाई शूल्क लिन पाउने गरि स्थानीय सरकार संचालन ऐन,२०७४ अनूसार लिन उठाउन पाउने शौचालय प्रयोग शुल्क मिति २०७५।३।३को निर्णयानूसार देहाय वमोजिम स्वीकृत दररेटमा आ.व.२०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र तथा आ.व.०७३/०७४ सम्म कर चूक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु सहित रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

| सि. न. | ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने दररेट (मूल्य अभिवृद्धि कर समेत) | न्युनतम अङ्क अभिवृद्धि कर समेत) | बोलपत्र फारम दस्तूर | धरौटी रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | आय ठेक्का नं. ३ (०७३/७४) | **शौचालय प्रयोग शुल्क** | १. दिशा गर्दा रू. ५।०० २. पिशाव गर्दा रू. ५।०० | २२,००,०००।०० (वाईस लाख मात्र ।) | १०००।०० | कबोल अकंको ५% | मिति २०७५।०४।०३ गते कार्यालय समय भित्र (१५ दिन) |


१) बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु खरिद म्यादको अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरीसक्नुपर्नेछ। प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा खोलिने छ। साथै प्रस्ताव खोल्ने समयमा वोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा पर्ने छैन।
२) अन्य कुरा बुझ्न परेमा कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं. ०५७५२४६८८मा सम्पर्क राख्न सकिनेछ।


## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : गरेको काम सफल हुने, सन्तानबाट सुख, धनलाभ हुनेछ।
**वृष** : पेटको समस्या, दिनचर्या अस्तव्यस्त, विनाकाममा दौडधुप।
**मिथुन** : पैसा लाभ, मान-सम्मान, उन्नति-प्रगति, इज्जत बढ्नेछ।
**कर्कट** : सुख-सन्तोष, उपलब्धिमूलक कार्यमा लगानी, धनलाभ।
**सिंह** : मिष्ठान्न भोजन, धनप्राप्ति, गिफ्ट-पुरस्कार प्राप्ति, कार्य सफल।
**कन्या** : अस्वस्थता, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना।
**तुला** : पैसा प्राप्ति, विविध वस्तु वा सेवाको लाभ, मीठो खानेकुरा प्राप्ति।
**वृश्चिक** : शारीरिक निरोगिता, सुख-सन्तोष, थालेको काम सफल।
**धनु** : राजनीतिमा सफलता, ऐश्वर्य वृद्धि, पढाइ-जागिरमा राम्रो।
**मकर** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, चिन्ता।
**कुम्भ** : समस्या समाधान, परीक्षा-पठनपाठन सफल, प्रतिस्पर्धामा जीत।
**मीन** : खेल-परीक्षा प्रतियोगितामा सफलता, द्रव्य लाभ, शत्रु विजय।